# ताँजाकोट गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय
चाखुरे हुम्ला
कर्णाली प्रदेश नेपाल


ताँजाकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चाखुरे, हुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

| पत्र संङ्ख्या : ०८२।०८३ | चलानी नं: १६० | मिति :२०८२।०७।०१ |
|---|---|---|

श्री जो जससँग सम्बन्धित राख्दछ।

विषय: करार सम्झौताको म्याद थप तथा नवीकरण नभएको बारे जानकारी।

प्रस्तुत सम्बन्धमा गत विगत आर्थिक वर्षहरु देखि चालु आ व २०८२।०८३ को गाउँपालिकासँगको करार सम्झौता अनुसार यस गाउँपालिकामा कामकाज गर्दै आएका ज्यालादारी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा, ८३ (८) कर्णाली प्रदेश स्थानीय सेवा( गठन तथा संचालन ऐन), २०८१को दफा १४ को व्यवस्था ,कर्णाली प्रदेश स्थानिय सेवा( गठन तथा संचालन निममावली), २०८१ को नियम ११ को व्यवस्था, बमोजिम संघिय मामिला तथा सामान्य मन्त्रालय पत्रानुसार चं न ११३ को नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०६।०५ गतेको बैठकबाट , अर्थ मन्त्रालयको चं न ११८ मिति २०८२।०६।०८ को पत्रानुसार स्थानीय तहमा स्विकृत दरवन्दी बाहेकका कर्मचारी राख्न नपाउने भनि गरिएको नीतिगत व्यवस्था, निर्णय तथा परिपत्र अनुसार माथि उल्लेखित ऐनअनुसार यस आर्थिक वर्षमा शर्शत अनुदान तर्फ संघीय सरकारबाट बजेट व्यवस्था बमोजिमका कर्मचारीहरु गाउँपालिकाबाट लागत साझेदारीमा कार्यरत कर्मचारीहरु बाहेक, गाउँ शिक्षा समितिको सिफारिसमा गाउँसभाबाट दरवन्दी सिर्जना भई गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरु बाहेक , गाउँसभाको स्वीकृत दरवन्दी अनुसार यस गाउँपलिकाकाका समुदायीक स्वास्थ्य इकाई/ आधारभुत इकाई/ संस्थामा हालसम्म कार्यरत अस्थायी करार र ज्यालादारी तर्फका स्वास्थ्यकर्मीहरु बाहेक यस गाउँपालिकामा विभिन्न सेवा समूहका करार सेवाका कर्मचारीहरु तथा शिक्षकहरुको/ स्वास्थ्यकर्मीहरु करार सेवा सम्झौताको म्याद अर्को कुनै कानुनी व्यवस्था वा निर्णय नभएसम्मका लागि करार सेवाको म्याद नविकरण नभएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराउँदै उल्लेखित कर्मचारीहरुले हाजिर गरे गराएको पाईएमा गाउँपालिका जवाफदेही नहुने र तलब भत्ता लगायतका सेवा सुविधा भुक्तानी गर्न नसकिने स्पष्ट गरिएको व्यहोरा समेत सूचित गरिन्छ। साथै आफूसँग रहेका कार्यालयका जिन्सी तथा अन्य सामाग्रीहरु गाउँपालिकाको कार्यालयमा बुझाइदिन हुन अनुरोध गरिन्छ।

नर रावत
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत
श्रीमान अध्यक्षज्यू, ताँजाकोट गाउँपालिका चाखुरे हुम्ला
श्रीमान उपाध्यक्षज्यू ,ताँजाकोट गाउँपालिका चाखुरे हुम्ला
श्री आर्थिक प्रशासन शाखा ताँजाकोट गाउँपालिका चाखरे हुम्ला


"शिक्षा, कृषि, स्वास्थ्य, पर्यटक र पूर्वाधार ताँजाकोट गाउँपालिका विकासको मूल आधार"
Webside-tajakotmun.gov.np E-mail-ito.tajakotmun@gmail.com
सम्पर्क नम्बर : ९८५१२०६०९३ ( गा पा अध्यक्ष ) ९८४८०८८२६० ( गा पा उपाध्यक्ष ) ९८५८०३८१९९ ( प्रमुख प्रशासकिय अधिकृत )


Scanned with CamScanner